हुलाक संकेत नं. १०९०४०१

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
हुलाक निर्देशनालय, विराटनगर

जिल्ला हुलाक कार्यालय

पाँचथर

फोन नं.: ०२४५२२१०४,५२२५०४
फिदिम
पाँचथर , नेपाल

प.स. २०८३।०८४
च.न. 39

मिति : वि.स.२०८३।०५।०४
ने.स. ११४६

विषय : स्वत: प्रकाशन सम्बन्धमा।

श्री राष्ट्रिय सूचना आयोग,
बानेश्वर, काठमाण्डौं।

प्रस्तुत विषयमा पाँचथर जिल्लामा रहेका सरकारी/सार्वजनिक निकायहरुले आ.व. २०८२।०८३ को चौथो त्रैमासिकमा प्रकाशित स्वतः प्रकाशनहरु जिल्ला हुलाक कार्यालय, पाँचथरमा मिति २०८३/०४/२९ गते सम्म प्राप्त भएका तपशिल बमोजिम पठाइएको व्यहोरा अनुरोध छ।

तपशिलः

सि.नं.	कार्यालयको नाम	ठेगाना	कैफियत
१	जिल्ला प्रशासन कार्यालय	फिदिम, पाँचथर	
२	नापी कार्यालय	फिदिम, पाँचथर	
३	जिल्ला हुलाक कार्यालय	फिदिम, पाँचथर	
४	स्वास्थ्य कार्यालय	फिदिम, पाँचथर	
५	घरेलु तथा साना उद्योग कार्यालय	फिदिम, पाँचथर	
६	भेटनरी तथा पशु सेवा विज्ञ केन्द्र	फिदिम, पाँचथर	
७	यान्त्रिक कार्यालय	फिदिम, पाँचथर	
८	पूर्वाधार विकाश	फिदिम, पाँचथर	
९	कृषि ज्ञान केन्द्र	फिदिम, पाँचथर	
१०	जिल्ला अस्पताल	फिदिम, पाँचथर	
११	फिदिम नगरपालिकाको कार्यालय	फिदिम, पाँचथर	
१२	याङवरक गाउँपालिकाको कार्यालय	याङवरक, पाँचथर	

बोधार्थ:-
श्री जिल्ला प्रशासन कार्यालय, पाँचथर।

(कुमार बस्नेत)
कुमार वस्नेत
हुलाक अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

पाँचथर, फिदिम

पत्र सख्याः-०८२/८३
चलानी नं. ३०४६

मितिः२०८३।०३।३२
नेपाल सम्बतः११४६

विषयः- सूचनाको हक सम्बन्धी प्रगति विवरण सार्वजनिक गरी पठाईएको सम्बन्धमा ।

श्री गृह मन्त्रालय,
शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा,
सिहंदरवार, काठमाडौं ।
श्री गृह मन्त्रालय,
स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा,
सिहंदरवार, काठमाडौं ।

प्रस्तुत विषयमा सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ (३) र सो को नियमावलीको नियम (३) बमोजिम मिति २०८३ साल बैशाख ०१ गतेदेखि २०८३ असार मसान्तसम्मको सम्पादित भएका कामको विवरण यसै साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

२०८३।३।३२
निमित प्र.जि.अ

बोधार्थः
श्री जिल्ला हुलाक कार्यालय, पाँचथर ।

फोन नं.०२४ – ५२२०८८/ ५२२२५० / ०२४ – ५२२१३३ Email: dpanchthar@gmail.com
Website: daopanchthar.moha.gov.np

सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५ को उपदफा (३) र नियमावली, २०६५ को नियम ३ बमोजिम २०८३ साल बैशाख १ देखि २०८३ असार मसान्तसम्मको जिल्ला प्रशासन कार्यालय पाँचथरसँग सम्बन्धित सूचनाको विवरण

© जिल्ला प्रशासन कार्यालय, पाँचथर

सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ अनुसार यस कार्यालयबाट प्रदान गरिएको सेवा प्रवाहमा सर्वसाधारण नागरिकको सूचनाको हक सुनिश्चित गर्न जिल्ला प्रशासन कार्यालय, पाँचथर प्रतिबद्धता व्यक्त गर्दै यो चौथो त्रैमासिक प्रतिबेदन सार्वजनिक गरिएको छ।

१. जिल्ला प्रशासन कार्यालयको स्वरुप र प्रकृति:-

१.१. ऐतिहांसिक पृष्ठभूमी:-

नेपालमा २००७ सालको राजनीतिक परिवर्तन पश्चात देशको आन्तरिक कार्यको व्यवस्थापन हेर्ने गरी २००८ सालमा गृह मन्त्रालय स्थापना भयो। वि.स. २०१७ सालको परिवर्तन पछि गृह मन्त्रालयको नाम परिवर्तन गरी गृह पञ्चायत मन्त्रालय बनाइयो र नेपाललाई १४ अंचल ७५ जिल्लामा विभाजन गरी अञ्चलाधिश र प्रमुख जिल्ला अधिकारीको व्यवस्था भयो। स्थानीय प्रशासन ऐन, २०२८ प्रारम्भ भएपछि अञ्चलाधिश र प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार कानूनी रुपमा व्यवस्थित गरियो। वि.स. २०३७ सालमा गृह मन्त्रालयबाट पञ्चायत सम्बन्धी काम हेर्ने छुट्टै स्थानीय विकास मन्त्रालयको गठन भयो। तथापी गृह मन्त्रालयको मुख्य कार्यभार शान्ति सुव्यवस्था र स्थानीय प्रशासन संचालन गर्न रह्यो।

मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह प्रशासनको मुख्य कार्य हो। गृह प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभुती दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्न पहिले ७५ वटा जिल्ला प्रशासन कार्यालय र ती कार्यालयको काम कारवाहीलाई रेखदेख र नियन्त्रण गर्न १४ वटा अञ्चलाधिश कार्यालय रहेकोमा २०४६ सालको परिवर्तनपछि अञ्चलाधिश कार्यालय खारेज भए। अञ्चलाधिश कार्यालय खारेजपछि जिल्ला र केन्द्र बीच सन्तुलन कायम गर्न समन्वय र रेखदेख नियन्त्रण गरी शान्ती सुरक्षा लगायत सेवा प्रवाहलाई नजिकबाट अनुगमन गर्न क्षेत्रीय तहको प्रशासनिक निकाय आवश्यक ठानी गृह मन्त्रालय अन्तर्गत मिति २०५८।०५।०६ देखि क्षेत्रीय प्रशासन कार्यालय स्थापना भएकोमा हाल क्षेत्रीय प्रशासन कार्यालय खारेज गरिएको छ। वर्तमान संबिधानले परिकल्पना गरे अनुसार प्रदेश र स्थानीय तह बीचमा नेपाल सरकारको प्रतिनिधी निकायको रुपमा समन्वयको जिम्मेवारी सहित जिल्लामा शान्ति सुरक्षा लगायतका कार्य गर्न ७७ वटा जिल्ला प्रशासन कार्यालयहरु मध्ये जिल्ला प्रशासन कार्यालय, पाँचथर एक हो।

लिलप्रज.अ.

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय पाँचथर

१.२. जिल्ला प्रशासन कार्यालय पाँचथरको स्वीकृत सांगठनिक ढाँचा

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय, पाँचथरको संगठन संरचना

अनुसूची ४ पद दर्ता फारम

कार्यालय तथा दरबन्दी विवरण सम्बन्धी ढाँचा	
कार्यालयको नाम: (नेपालीमा) जिल्ला प्रशासन कार्यालय, पाँचथर	पत्राचार नं.:
कार्यालयको नाम: (अंग्रेजीमा) District Administration Office, Panchthar	जिल्ला: पाँचथर
मन्त्रालय/केन्द्रीय निकाय: गृह मन्त्रालय	म.ज.पा./न.प./उप.ज.पा./ज.पा./गा.पा.
विकटता मापिनको निकाय: गृह मन्त्रालय	वडा नं.:
कार्यालयको स्तर: जिल्ला स्तरीय	स्थान:
गुरु पद श्रृजना भएको मिति: २०७५/०२/०६	ईमेल:
परिमार्जन भएकोमिति: २०७६/०८/०३	वेबसाइट:
कार्यालयको दरबन्दी तेरिज	

सि.नं.	पदको नाम/दर्जा	श्रेणी/तह	समूह	उपसमूह	सांविधिक पद संख्या	नयाँ श्रृजना भएको पद	घट	खुद कायम पद संख्या	पद संकेत नं.	कैफियत
१	प्रमुख जिल्ला अधिकारी	रा.प.प्रथम	नेपाल प्रशासन	सामान्य प्रशासन	०	१	०	१		
२	सहायक प्रमुख जिल्ला अधिकारी	रा.प.द्वितीय	नेपाल प्रशासन	सामान्य प्रशासन	१	०	०	१		
३	प्रशासकीय अधिकृत	रा.प.तृतीय	नेपाल प्रशासन	सामान्य प्रशासन	२	०	०	२		
४	नायब सुब्बा	रा.प.अ.प्रथम	नेपाल प्रशासन	सामान्य प्रशासन	४	०	०	४		
५	लेखापाल	रा.प.अ.प्रथम	नेपाल प्रशासन	लेखा	१	०	०	१		
६	कम्प्युटर अपरेटर	रा.प.अ.प्रथम	नेपाल विविध		१	१	०	२		
७	खरिदार	रा.प.अ.द्वितीय	नेपाल प्रशासन	सामान्य प्रशासन	४	०	१	३		
८	हलुका सवारी चालक	श्रेणी विहिन	इन्जिनियरिङ	मे./अ.मे.	१	०	०	१		
९	कार्यालय सहयोगी	श्रेणी विहिन	नेपाल प्रशासन	सामान्य प्रशासन	७	०	१	६		
	जम्मा				२३	१	३	२२		

नोट: प्र.जि.अ.को नि.ए.(ना.सु.)१ र भान्से (श्रेणी विहिन) १ अस्थायी हयमा पूर्ति गर्ने।

पद दर्ता हुने मन्त्रालय तर्फबाट उपरोक्त निर्णय अनुसार राखी माथी उल्लेखित पद दर्ता गरी जानकारी दिन हुन अनुरोध छ।	स्थानीय निकायतर्फबाट तर्फबाट माथी उल्लेख पद विशुद्धीत मातहतबमोजिम सबैले दरबन्दी व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी कार्यालय संकेत ..... मा यो पद दर्ता भएको व्यहोरा प्रमाणित गरिएको छ।
दस्तखत:-	दस्तखत:-
नाम:- राम प्रसाद आचार्य	नाम:-
पद:- सह-सचिव	पद:-
प्रमाणित गर्ने कार्यालय: गृह मन्त्रालय	प्रमाणित गर्ने अधिकृत:-

निमित्त प्र.जि.अ.

२. जिल्ला प्रशासन कार्यालयको काम कर्तव्य र अधिकार:-

जिल्ला प्रशासन कार्यालय स्थानीय प्रशासन ऐन, २०२८ को दफा ५ बमोजिम स्थापित सरकारी कार्यालय हो। जिल्लाको सामान्य प्रशासन संचालन गर्न जिल्ला प्रशासन कार्यालयको प्रमुख अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था छ। प्रचलित नेपाल कानून, नेपाल सरकारको नीति तथा निर्देशनको अधिनमा रही प्रमुख जिल्ला अधिकारीले नेपाल सरकारको प्रतिनिधिको रुपमा काम गर्ने व्यवस्था ऐनमा उल्लेख छ। संवैधानिक निकाय र रक्षासम्बन्धी कार्यालयहरु बाहेकका अन्य कार्यालयहरु जिल्ला प्रशासन कार्यालयको प्रत्यक्ष निगरानी तथा रेखदेखमा रहने कार्यालयहरु हुन।

नेपालको संविधानले निर्देशित गरे बमोजिम राज्य संचालनको मार्ग निर्देशकको रुपमा रहेका राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्व र संविधानका समग्र व्यवस्थाहरुको अधिनमा रही जनताको जीउ धन र व्यक्तिगत स्वतन्त्रता लगायत राज्यले लिएका अन्य आर्थिक समाजिक उद्देश्य पूरा गर्न जिल्लामा शान्ति सुरक्षा कायम गरी सर्वसाधारण जनताले आफ्नो हक अधिकार निर्वाध उपभोग गर्न सक्ने वातावरण तयार गर्न सक्नु यस कार्यालयको मुख्य जिम्मेवारी हो। यसै सन्दर्भमा यस कार्यालयबाट प्रदान गरिने काम, कर्तव्य र अधिकार निम्न बमोजिम रहेका छन्।

२.१. उद्देश्य:-

- जिल्लामा शान्ति, सुरक्षा र अमनचयन कायम राख्ने।
- सार्वजनिक सेवा प्रवाह (Public Service Delivery) लाई प्रभावकारी बनाउने।
- जिल्लामा सुशासनको प्रत्याभुति गराउने।
- जिल्लास्थित कार्यालयहरुबीचको समन्वय स्थापना गर्ने।
- मानव अधिकारको संरक्षण गर्ने।
- उपभोक्ताहकहितको संरक्षण गर्ने।
- जिल्लामा वस्तु तथा सेवाको आपूर्ति व्यवस्था मिलाउने।

२.२. कार्यहरु:-

२.२.१ सेवाग्राहीसँग प्रत्यक्ष सरोकार राख्ने कार्यहरु:-

- नागरिकता प्रमाण पत्र वितरण।
- राहदानी वितरण।
- संस्था दर्ता।
- पत्रपत्रिका दर्ता।
- उपभोक्ताहित संरक्षण तथा आपुर्ति व्यवस्था।
- शान्ति सुरक्षासँग सम्बन्धित उजुरी वा निवेदन।
- भ्रष्टाचार अनियमितता र गुनासाहरु।
- अर्धन्यायिक कार्यहरु।
- मुआब्जा र क्षतिपूर्ति सम्बन्धी।
- हातहतियार तथा खरखजानासम्बन्धी।
- नाबालक परिचय पत्र प्रदान गर्ने।
- विपद् व्यवस्थापन सम्बन्धि कार्य गर्ने।
- विदेशमा काम गर्ने नेपालीहरुको विवरण प्रमाणित गर्ने सम्बन्धी।

निमित्त प्र.जि.अ

- शैक्षिक योग्यता प्रमाणपत्रमा उमेर नाम वा जात सच्याउने।
- राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण सम्बन्धि कार्य।

२.२.२. प्रमुख जिल्ला अधिकारी एवं जिल्ला प्रशासन कार्यालयसँग सम्बन्धित कार्यहरु:-

- शान्ति सुरक्षा सम्बन्धी।
- कारागार प्रशासन सम्बन्धी।
- प्रहरी प्रशासन सम्बन्धी।
- यातायात व्यवस्थापन सम्बन्धी।
- लागू औषध नियन्त्रण सम्बन्धी।
- विष्फोटक पदार्थ सम्बन्धी।
- चिट्ठा, चन्दा, जुवा नियन्त्रण सम्बन्धी।
- निर्वाचन सम्बन्धी।
- मानव अधिकार संरक्षण सम्बन्धी।
- नाबालक तथा असहाय बालबालिका जेष्टनागरिक तथा अपांगता भएका व्यक्तिहरुको संरक्षण सम्बन्धी।
- सरकारी कार्यालयहरुको निरीक्षण।
- जिल्ला स्थित प्रख्यात र कुख्यात व्यक्तिहरुको अभिलेख राख्ने।
- मदिरा नियन्त्रण सम्बन्धी काम।
- विकास आयोजनाको रेखदेख, समन्वय र सहयोग।
- ज्याला दररेट निर्धारण।
- राजनैतिक दलहरु सम्बन्धी।
- नेपाल सरकारको प्रतिनिधित्व गर्ने।
- District Profile तयार गर्ने।
- उत्सव, मेला तथा जात्राहरुको व्यवस्थापन।
- जिल्लामा घटेका घटनाहरुको अभिलेख तयार गर्ने।
- अति विशिष्ट व्यक्तिहरुको सुरक्षा व्यवस्था।
- सार्वजनिक सम्पत्तिको संरक्षण तथा मर्मत सम्भार।
- कल्याण धन सम्बन्धमा।
- नेपाल सरकारले तोकिदिए बमोजिम अन्य कार्यहरु र कुनै पनि अन्य निकायले गर्ने भनी नतोकिएका कुनै पनि कार्यहरु।

३. जिल्ला प्रशासन कार्यालय, पाँचथरमा रहने कर्मचारीको संख्या र कार्य विवरण:-

कुल दरवन्दी संख्या :- २२

(क)	प्रमुख जिल्ला अधिकारी	श्री बासुदेव दाहाल
(ख)	सहायक प्रमुख जिल्ला अधिकारी	श्री डिल्लीराज श्रेष्ठ
(ग)	प्रशासकीय अधिकृत	श्री गौरव ढुंगेल

निमित्त प्र.जि.अ.

(घ) **स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा:-**

ना.सु. श्री प्रकाश अधिकारी

कम्प्यूटर अपरेटर श्री तारा ढुंगाना

(ङ) **नागरिकता तथा नागरिकता प्रतिलिपि शाखा:-**

नायब सुब्बा श्री लक्ष्मी प्रसाद बाँस्कोटा

नायब सुब्बा श्री कुमार खड्का

नायब सुब्बा श्री सुरेन्द्र भण्डारी

कम्प्यूटर अपरेटर अरुण कुमार शाह

कार्यालय सहयोगी श्री खेमनाथ लुईटेल

(च) **आर्थिक प्रशासन शाखा:-**

लेखापाल श्री मिन बहादुर साउँद

(छ) **राहदानी शाखा:-**

नायब सुब्बा श्री गणेशमान श्रेष्ठ

(ज) **गुनासो सुनुवाइ तथा अभिलेख व्यवस्थापन शाखा:-**

सहायक प्रमुख जिल्ला अधिकारी श्री डिल्लीराज श्रेष्ठ

कार्यालय सहयोगी श्री प्रेमचन्द्र काफ्ले

(झ) **मुद्दा शाखा:-**

खरिदार श्री सविन वि.क.

खरिदार श्री बाबुराम खत्री

(ञ) **दर्ता चलानी शाखा**

कार्यालय सहयोगी श्री सुबिता थाम्सुहाङ

(ट) **राष्ट्रिय परिचयपत्र शाखा**

विवरण दर्ता अपरेटर अपरेटर श्री भेषराज खत्री

कार्यालय सहयोगी श्री रन्जु भण्डारी

४. यस कार्यालयबाट प्रदान गरिने सेवा, शाखा, लाग्ने दस्तुर, अवधि र जिम्मेवार अधिकारी:-

४.१. सेवा, शाखा, लाग्ने दस्तुर, अवधि र जिम्मेवार अधिकारी:-

क्र. सं	प्रदान गरिने सेवा	शाखा	लाग्ने दस्तुर	अवधि	जिम्मेवार अधिकारी
१.	➢ संघ संस्था दर्ता नविकरण गर्ने। ➢ हातहतियार खरखजाना दर्ता नविकरण नामसारी गर्ने। ➢ छापाखाना पत्रपत्रिका दर्ता गर्ने। ➢ विभिन्न किसिमका प्रमाणित गर्ने। ➢ विविध सिफारिस गर्ने। ➢ भु.पु. सैनिक पेन्सन सिफारिस गर्ने।	स्थानीय प्रशासन तथा शान्ति सुरक्षा	ऐनमा व्यवस्था भए अनुसार	प्रमाण पुगेको सोही दिन	प्र.जि.अ./स.प्र. जि.अ./ प्र.अ. र फाँट हेर्ने नायव सुब्बा

निर्णित प्र.जि.अ

क्र. सं	प्रदान गरिने सेवा	शाखा	लाग्ने दस्तुर	अवधि	जिम्मेवार अधिकारी
	➢ कर्मचारीहरुको व्यक्तिगत विवरण अद्यावधिक गरी सुरक्षित राख्ने। ➢ हाजिरीको रेकर्ड अपडेट गर्ने। ➢ कार्यालयको पालो पहरामा आवश्यक व्यवस्था मिलाउने। ➢ कार्यालयको बैठकको प्रबन्ध मिलाउने। ➢ विभिन्न किसिमका चिठी पत्र तयार गर्ने। ➢ कार्यालय परिसरको सरसफाईको व्यवस्था मिलाउने। ➢ बजार अनुगमनको व्यवस्था मिलाउने। ➢ जिल्लास्थित कार्यालयहरुको हाजिरी पोशाक निरीक्षणको निर्देशन बमोजिम आवश्यक व्यवस्था मिलाउने। ➢ नावालक परिचय पत्र वितरण गर्ने।				
२.	➢ नयाँ नागरिकता वितरण गर्ने। (बंशज, वैवाहिक अंगिकृत र गैरआवासी नागरिकता) ➢ नयाँ लगत कायम गरी नागरिकता वितरण गर्ने।	नागरिकता तथा प्रतिलिपी	रु.१० को हुलाक टिकट	प्रमाण पुगेको सोही दिन	प्र.जि.अ./स.प्र.जि.अ./ प्र.अ. र फाँट हेर्ने नायव सुब्बा
३.	➢ नागरिकताको प्रतिलिपी वितरण गर्ने। ➢ थर जन्ममिति संशोधन गर्ने। ➢ नागरिकताको अभिलेख उपलब्ध गराउने।		रु.१३ को हुलाक टिकट	प्रमाण पुगेको सोही दिन	प्र.जि.अ./स.प्र.जि.अ./ प्र.अ. र फाँट हेर्ने नायव सुब्बा
४.	➢ राहदानी फाराम बुझ्ने। ➢ राहदानी वितरण गर्ने। ➢ द्रुत सेवाको राहदानीको लागि सिफारिस गर्ने। ➢ राहदानीमा नागरिकता नम्बर जन्ममिति आदिको संशोधनको लागि सिफारिस गर्ने ।	राहदानी तथा जिन्सी दर्ता	ऐनमा व्यवस्था भए अनुसार	प्रमाण पुगेको सोही दिन	प्र.जि.अ./ स.प्र.जि.अ./ प्र.अ. र फाँट हेर्ने नायव सुब्बा
५.	➢ सार्वजनिक अपराध मुद्दा र अभद्र व्यवहारको छिनोफानो गर्ने। ➢ हातहतियार मुद्दाको छिनोफानो गर्ने। ➢ भ्रष्टाचार र अन्य अख्तियारको दुरुपयोग सम्बन्धी उजुरी हेर्ने। ➢ नागरिकता रद्द/ त्याग मुद्दाको छिनोफानो गर्ने। ➢ सवारी दुर्घटना मुद्दा सम्बन्धी कार्य गरी क्षतिपूर्ति दिलाउने भराउने सम्बन्धी कार्य गर्ने। ➢ ठाडो उजुरी सम्बन्धी कार्य गर्ने। ➢ कालोबजारी सम्बन्धी मुद्दा हेर्ने।	मुद्दा तथा हातहतियार	ऐनमा व्यवस्था भए अनुसार	छानविन कार्य पुरा भएपछि	प्र.जि.अ.र फाँट हेर्ने नायव सुब्बा

निमित्त प्र.जि.अ.

क्र. सं	प्रदान गरिने सेवा	शाखा	लाग्ने दस्तुर	अवधि	जिम्मेवार अधिकारी
	➢ निम्न गुणस्तरीय खाद्य उत्पादन सम्बन्धी मुद्दा हेर्ने।				
६.	➢ कार्यालयको लेखा सम्बन्धी सम्पूर्ण कार्य गर्ने। ➢ विपद व्यवस्थापन, द्वन्द्वपीडित, आगलागि सम्बन्धी निवेदन लिने र क्षतिपुर्तिको लागि पहल गर्ने। ➢ राजश्व धरौटी सम्बन्धी कार्य गर्ने।	आर्थिक प्रशासन	रु.१० को हुलाक टिकट	प्रमाण पुगेको सोही दिन	प्र.जि.अ./स.प्र.जि.अ./ प्र.अ. र फाँट हेर्ने लेखापाल

५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी:

क. स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा :- नायब सुब्बा श्री प्रकाश अधिकारी

ख. नागरिकता तथा नागरिकता प्रतिलिपि शाखा:- नायब सुब्बा श्री लक्ष्मी प्रसाद बाँस्कोटा

ग. आर्थिक प्रशासन शाखाः- लेखापाल श्री मिन बहादुर साउँद

घ. राहदानी शाखाः- नायव सुब्बा श्री गणेशमान श्रेष्ठ

ङ. गुनासो सुनुवाइ तथा अभिलेख व्यवस्थापन शाखाः- स.प्र.जि.अ. श्री डिल्लीराज श्रेष्ठ

च. मुद्दा शाखा:- खरिदार श्री सविन वि.क./ खरिदार श्री बाबुराम खत्री

छ. दर्ता चलानी शाखाः- कार्यालय सहयोगी श्री सुबिता थाम्सुहाङ

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी:

क. ठाडो निवेदन, अन्य सिफारिसको निवेदन, नाबालक परिचयपत्र र नयाँ नागरिकतामा रु.१०।- को टिकट

ख. नागरिकता प्रतिलिपिमा रु. १३।- को टिकट

ग. संस्था दर्ता शुल्क रु. १०००।- नविकरण रु.५००।- (असोज मसान्तसम्मको)

घ. नयाँ राहदानी दस्तुर (राहदानी ऐन तथा नियमावली बमोजिम)

ङ. नाबालक राहदानी दस्तुर (राहदानी ऐन तथा नियमावली बमोजिम)

च. पत्रपत्रिका दर्ता –साप्ताहिक दस्तुर (ऐन तथा नियमावली बमोजिम)

छ. हातहतियार नविकरण दस्तुर (हातहतियार खरखजाना ऐन २०१९/ नियमावली २०२८ बमोजिम)

अवधि:-

क. नागरिकता, नाबालक परिचयः–पत्र पेश भएकै दिन, प्रमाण बुझ्नु पर्ने भए प्रमाण पेश भएकै दिन।

ख. संस्था दर्ताः – प्रहरी रेकर्ड प्राप्त भएकै दिन।

ग. राहदानीः – पेश भएकै दिन।

घ. ठाडो निवेदनः- अन्यत्र पठाउनु पर्ने भए सोही दिन। मुद्दा शाखाबाट कार्यान्वयन गर्नु पर्ने भए आवश्यकता अनुसार प्रमाण बुझे पश्चात।

७. कार्यालयको निर्णय गर्ने प्रक्रिया र अधिकारी:-

स्थानीय प्रशासन ऐन, (संशोधन सहित) २०२८ को दफा ११ को उपदफा (४) र अन्य प्रचलित नेपाल कानूनबाट प्रमुख जिल्ला अधिकारीमा निहित अधिकार मध्ये सहायक प्रमुख जिल्ला अधिकारी र प्रशासकीय अधिकृतहरुलाई अधिकार

नामसारे प्र.जि.अ.

प्रत्यायोजन गरिनुका साथै कार्यालयबाट सम्पादन हुने कामकाज उपर आवश्यक छानविन गरी जिम्मेवार पदाधिकारी समक्ष पेश गरी जिम्मेवार पदाधिकारीको निर्देशन बमोजिम कामकाज हुँदै आएको छ।

८. कार्यालयको निर्णय उपर उजुरी सुन्ने अधिकारी:-

यस कार्यालयको गुनासो सुन्ने अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी रहनु भएको छ। कार्यालयमा पर्न आएका गुनासाहरु उपर प्रारम्भिक छानविन गरी सहायक प्रमुख जिल्ला अधिकारीले प्रमुख जिल्ला अधिकारीसमक्ष पेश गरी निर्देशन बमोजिम कामकाज हुँदै आएको छ।

९. सम्पादन गरेको कामको विवरण

९.१ २०८३ बैशाख १ देखि २०८३ असार मसान्तसम्मको शाखागत प्रगति विवरण:-

क) स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा:-

क्र.स	कार्यको विवरण	२०८३ बैशाख १ देखि २०८३ असार मसान्तसम्मको	कैफियत
१	संस्था दर्ता	११	
२	नाबालक परिचय पत्र	३१	
३	ठाडो उजुरी	३	
४	संस्था नविकरण	४२	
५	पत्रपत्रिका दर्ता	-	
६	छापाखाना दर्ता	-	
७	विविध सिफारिस	५६	
८	हातहतियार नवीकरण	३	
९	जनजाती/ दलित प्रमाणित	२९३	
१०	भू.पू. सैनीक पेन्सन सिफारिस	५७	

ख) नागरिकता तथा प्रतिलिपी शाखा:-

क्र.स	कार्यको विवरण	२०८३ बैशाख १ देखि २०८३ असार मसान्तसम्मको	कैफियत
	जिल्ला प्रशासन कार्यालय, पाँचथर		
१.	वंशजको आधारमा नयाँ नागरिकता वितरण	महिला- ६४३ पुरुष-५४१ जम्मा- ११८४	
२.	बैवाहिक अंगिकृत नागरिकता वितरण	महिला- २ पुरुष- ० जम्मा- २	

निमित्त प्र.जि.अ.

क्र.स	कार्यको विवरण	२०८३ बैशाख १ देखि २०८३ असार मसान्तसम्मको	कैफियत
३.	अंगिकृत	महिला- ० पुरुष- ० **जम्मा- ०**	
४.	गैर आवासीय	महिला- १ पुरुष- १ **जम्मा- २**	
५.	प्रतिलिपी नागरिकता वितरण	महिला- २१३ पुरुष- ४०४ **जम्मा- ६१७**	
इलाका प्रशासन कार्यालय रवि, पाँचथर			
१.	वंशजको आधारमा नयाँ नागरिकता वितरण	महिला- १४६ पुरुष-१४१ **जम्मा- २८७**	
२.	प्रतिलिपी नागरिकता वितरण	महिला- ६९ पुरुष- ६३ **जम्मा- १३२**	
३.	नाबालक परिचय पत्र	महिला- ० पुरुष- १ **जम्मा- १**	
सीमा प्रशासन कार्यालय च्याङथापु, पाँचथर			
१.	वंशजको आधारमा नयाँ नागरिकता वितरण	महिला- ० पुरुष - ० **जम्मा- ०**	
२.	प्रतिलिपी नागरिकता वितरण	महिला- ० पुरुष - ० **जम्मा- ०**	

ग) राहदानी शाखा:-

क्र.स	कार्यको विवरण	२०८३ बैशाख १ देखि २०८३ असार मसान्तसम्मको	कैफियत
१.	राहदानी वितरण	महिला- ५०१ पुरुष- ७४२ **जम्मा- १३३९**	हुलाकबाट बितरण जम्मा १२६ थान

निमित्त प्र.जि.अ.

२.	नयाँ तथा नविकरण	महिला- ५०१ पुरुष- ५७१ **जम्मा-१०७२**	
३.	काठमाडौं सिफारिस	महिला- ० पुरुष- ० **जम्मा-०**	
४.	हराएको विग्रिएको	महिला- १५ पुरुष- १०० **जम्मा- ११५**	
५.	नावालक नयाँ दर्ता	महिला- १२ पुरुष- १६ **जम्मा- २८**	
६.	नावालक काठमाडौं सिफारिस	महिला- ० पुरुष- ० **जम्मा-०**	

घ) आर्थिक प्रशासन शाखा/ स्थानीय प्रशासन तथा शा.सु./ राहदानी शाखा/ मुद्दा तथा हातहतियर शाखा:- (राजश्व)

क्र.स	कार्यको विवरण	२०८३ बैशाख १ देखि २०८३ असार मसान्तसम्मको	कैफियत
१.	संस्था दर्ता दस्तुर	११०००	
२.	संस्था नवीकरण दस्तुर	४४५००	
३.	राहदानी दस्तुर	५९८००००	
४.	हातहतियार नवीकरण दस्तुर	१४०००	

ङ) मुद्दा तथा हातहतियार शाखा:-

सि.न.	विवरण	केही सार्वजनिक अपराध, वाधा,विरोध मुद्दा, सार्वजनिक उपद्राई, अभद्र व्यवहार, सार्वजनिक स्थलमा यौन क्रिय	कालो बजारी	जुवा	घाउखर्च तथा क्षतिपूर्ति	अनुज्ञापत्र नलिई खाद्य पदार्थ उत्पादन तथा विक्री वितरण	जम्मा
१	गत आ. ब. बाट अ.ल्या.	१०	-	-	१	-	११
२	यस आ.व. मा दर्ता	१४	-	-	१	-	१५
३	२०८३ बैशाख १ देखि २०८३ असार मसान्तसम्मको	३	-	-	०	-	३

निमित्त प्र.जि.अ

सि.न.	विवरण	केही सार्वजनिक अपराध, वाधा,विरोध मुद्दा, सार्वजनिक उपद्राई, अभद्र व्यवहार, सार्वजनिक स्थलमा यौन क्रिय	कालो बजारी	जुवा	घाउखर्च तथा क्षतिपूर्ति	अनुज्ञापत्र नलिई खाद्य पदार्थ उत्पादन तथा विक्री वितरण	जम्मा
४	हालसम्मको कुल	२७	-	-	२	-	२९
हाल सम्मको फछर्यौट		२५	-	-	१	-	२६
फछर्यौट हुन बाँकी		२	-	-	१	-	३

च) बजार अनुगमन तथा नियन्त्रण सम्बन्धी कार्य:- आ.व. २०८२/०८३

क्र.स	कार्यको विवरण	२०८३ बैशाख १ देखि २०८३ असार मसान्तसम्मको	कैफियत
१	अनुगमन गरिएको पटक	३	
२	अनुगमन गरिएका पसलको संख्या	४७	
३	अनुगमन समितिको बैठक संख्या	३	
४	अनुगमन गरिएका स्थान/ बजार क्षेत्र	सदरमुकाम फिदिम र जिल्लाका अन्य प्रमुख बजारहरु	
५	उपभोक्ता हित कार्यक्रम	०	

छ) विभिन्न वैठकहरु:-

क्र.स	विवरण	२०८३ बैशाख १ देखि २०८३ असार मसान्तसम्मको	कैफियत
१.	कार्यालय प्रमुखको वैठक संख्या	३	
२.	सूचना अधिकारीको वैठक	१	
३.	निःशुल्क जग्गा प्राप्ति सम्बन्धी वैठक	२	
४.	घरभाडा समितिको वैठक	१	
५.	राजमार्ग अवरोध हटाउने बैठक	१	
६.	कार्यालय स्टाफ बैठक	३	
७.	विपद् व्यवस्थापन समितिको बैठक	७	
८.	मुआब्जा निर्धारण समिति बैठक	१	
९.	अपाङ्ग निर्धारण समिति बैठक	-	
१.	राशन निर्धारण बैठक	-	

निमित्त प्र.जि.अ

क्र.स	विवरण	२०८३ बैशाख १ देखि २०८३ असार मसान्तसम्मको	कैफियत
२.	बढुवा समितिको बैठक	-	
३.	जिल्ला दरेट निर्धारण समिति	३	
४.	कसुरजन्य सम्पत्ति/ मुल्याङ्कन	१	
५.	जिल्ला विपद् व्यवस्थापनको क्षेत्रमा क्रियाशील सरकारी, गैरसरकारी निकायसँग समन्वय बैठक	१	
६.	राजनीतिक दलसंग समन्वय बैठक	१	
७.	विदेशी नागरिक जिल्ला अनुगमन समितिको बैठक	१	
८.	जिल्ला सुरक्षा समितिको	६	
९.	राजस्व चुहावट नियन्त्रण समितिको बैठक	१	

९.२ यस कार्यालयबाट आ.ब. २०८२।०८३ को २०८३ बैशाख १ देखि २०८३ असार मसान्तसम्मको सम्पादन भएका अन्य कार्यहरु:-

क. कार्यालयको सरसफाई:-

जिल्लास्थित सबै कार्यालयहरुलाई आफ्नो कार्यालय परिसर स्वच्छ र सफा राख्न निर्देशन दिएबमोजिम सबै कार्यालयहरु सफा गर्ने गरेको, कार्यालयमा महिनाको पहिलो शुक्रवार प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष अगुवाईमा कार्यालयका सम्पूर्ण कर्मचारीहरु सहित सरसफाई गर्ने गरेको।

ख. नागरिक वडापत्र:-

कार्यालयको काम कारवाही खुला र पारदर्शी रुपमा गर्न, सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउन तथा सेवा प्रवाहलाई सेवाग्राहीमैत्री बनाउन सबैले देख्ने किसिमले यस कार्यालयमा लिखित रुपमा भित्ते लेखन र डिजिटल नागरिक बडापत्र राखिएको, बिबरण र यस कार्यालयको सूचना अधिकारीको फोटो सहितको बिबरण राखिएको छ।

ग. स्तनपान कक्ष:-

कार्यालयलाई लैंगिकमैत्री बनाउन यस कार्यालयमा शिशुसहित सेवा लिन आउने महिला सेवाग्राहीको लागि आफ्नो नानीबाबुलाई स्तनपान गराउनको लागि स्तनपान कक्षको स्थापना गरीएको छ।

घ. सामाजिक न्यायको व्यवस्था:-

विभिन्न किसिमका हिंसामा परेका व्यक्तिहरुलाई सोझै यस कार्यालयमा आई प्र.जि.अ./ स.प्र.जि.अ.र प्र.अ. समक्ष आफ्ना गुनासाहरु राख्न पाउने व्यवस्था गरिएको छ । सो गुनासाहरु उपर आवश्यक छानविन गरी नियमानुसार फछर्यौट गरी सामाजिक न्याय प्रदान गर्ने गरिएको छ।

ङ. कार्यालय तथा कार्यालय परिसर पूर्ण रुपमा सरसफाई गरी स्वच्छ वातावरणमा कार्यालयबाट सेवा प्रवाह गरिएको।

च. **भौतिक संरचनाको पुन:निर्माण र सुधार:-**

कार्यालयको भौतिक संरचनाको पुन:निर्माण रंगरोगन मर्मत सम्भारका कार्यहरु गर्ने गरिएको छ। नागरिकताको व्यवस्थित अभिलेख खडा गर्न अनुसूचीको छुट्टै ब्याण्डिङ गर्नको साथै अनुसूची भण्डारण कक्षको निर्माण गरिएको छ। अपाङ्गता मैत्री संरचना तयार भएको छ। व्यवस्थित चमेनागृहको निर्माण गरिएको छ।

छ. **खानेपानी तथा विश्राम स्थलको व्यवस्था:-**

कार्यालयमा आउने सेवाग्राहीहरुलाई प्रतिक्षालयको व्यवस्था गरीएको, शुद्ध खानेपानीको लागि फिल्टर राखी खानेपानीको व्यवस्था गरिएको, बैदेशिक रोजगारमा जाने सेवाग्राहीको सूचनाको लागि सन्देशमूलक सेवा प्रदान गरिदै आएको छ र हात धुन साबुन पानीको व्यवस्था गरीएको।

ज. **सेवाग्राही सहायता कक्षको व्यवस्था**

विभिन्न किसिमका बिचौलिया मार्फत सेवाग्राहीहरु मर्कामा परेको कारण कार्यालय परिसरमा त्यस्ता विचौलियाहरुलाई प्रवेश निरुत्साहित गरी सेवाग्राहीहरुलाई सहज रुपमा सेवा प्रवाह गर्न सेवाग्राही सहायता कक्ष (Help Desk) को व्यवस्था गर्नुको साथै निःशुल्क निवेदनको व्यवस्था गरिएको छ। कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुको सुविधाका लागि First Come, First Serve भन्ने सिद्धान्त अनुरुप सेवा प्रदान गरिदै आएको छ। टोकन प्रणाली लागू गरिएकोमा हाल सेवा लिन आउने सबै सेवाग्राहीहरुलाई प्रमाण पुगेको हकमा सोही दिन सेवा प्रवाह गर्ने गरिएको।

झ. **विचौलीयाहरुको प्रवेशमा रोक सम्बन्धमा:-**

कार्यालयको काममा सरोकारवाला बाहेक बिचौलियाको प्रबेशमा पूर्ण निषेधित गरिएको ।

ञ. **विभिन्न किसिमका निवेदन निशुल्क उपलब्धताको व्यवस्था:-**

कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुको सुविधाका लागि आवश्यक पर्ने तपसिल बमोजिमका निवेदनहरु कार्यालयको कर्मचारी राखी निशुल्क रुपमा उपलब्ध गराउने तथा लेखपढ गर्न नजान्नेका लागि लेखी दिने समेत व्यबस्था गरिएको छ। कार्यालयमा (DEOC) को स्थापना गरी उक्त केन्द्र मार्फत जिल्लामा भएका विपद्का घट्नाहरुको सम्बन्धमा नियमित सुचना आदान प्रदान गर्ने गरिएको छ।

ट. **अपाङ्गतामैत्री एवं जेष्ठ नागरिक सेवा प्रवाह:-**

कार्यालयमा सेवा लिन आउने सेवाग्राहीमध्ये बृद्धबृद्धा, एकल महिला, गर्भवती, सुत्केरी र अपाङ्गता भएका व्यक्तिहरुलाई सेवा प्रबाहमा पहिलो प्राथमिकता दिई सेवामैत्री कक्षबाटै सबैसेवा प्रदान गरिएको।

ठ. **शौचालय व्यवस्थापन:-**

यस कार्यालयमा सेवा लिन आउने सेवाग्राहीको सुविधाको लागि महिला, पुरुष र अपाङ्गता भएका व्यक्तिका लागि छुट्टाछुट्टै शौचालय निर्माण गरी सेवा प्रदान गरिदै आएको छ।

ड. **SMS System बाट सूचना प्रवाह:-**

राहदानी विभागबाट प्रिन्ट भई आएका राहदानीहरु तथा अस्वीकृत भएका राहदानीहरुको SMS मार्फत सेवाग्राहीहरुलाई जानकारी दिईने व्यवस्था गरिदै आएको छ।

ढ. **फ्रि वाइफाई सेवा र पार्क निर्माण:**

कार्यालय परिसरमा निःशुल्क वाइफाइको सुविधा प्रदान गरिएको साथै कार्यालय कम्पाउण्डमा विश्राम स्थल सहितको बगैचा निर्माण गरिएको छ।

ण. **बजार अनुगमन:**

सदरमुकाम फिदिम लगायत जिल्लाका अन्य प्रमुख बजार क्षेत्रहरुमा घरेलु कार्यालयहरुको संयोजन तथा यस कार्यालयको समन्वयमा बजार अनुगमन गर्नुको साथै उद्योग बाणिज्य संघ र फिदिम नगरपालिका र गाउँपालिकाहरुसँग समन्वय गरी उपभोक्ता हित सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिएको।

निमित्त प्रजिअ

त. **प्रवर्द्धनात्मक कार्य:**

- वैदेशिक रोजगारीमा जान राहदानी लिने प्रत्येक व्यक्तिलाई वैदेशिक रोजगारीमा जानु अघि, गए पछि र फर्कि आए पछि हुने प्रक्रिया तथा यस सम्बन्धि विविध विषयमा शाखा स्थापना गरी परामर्श दिने गरिएको।
- जिल्लामा अपराधिक घटना नियन्त्रण र न्यूनिकरण गर्न जिल्लाका सबै स्थानीय तहहरुमा मनोबैज्ञानिक परामर्श दिने कार्यको समन्वय गरेको।
- मिति २०८३ साल जेष्ठ १ गतेबाट जिल्ला प्रशासन कार्यालय पाँचथर र जिल्ला हुलाक कार्यालय पाँचथरबीच सम्झौता भई राहदानी बनाउन आउन सेवाग्राहीले रोजेर आवेदन दिए अनुसार घर-घरमै राहदानी हुलाक मार्फत वितरण गरिएको।

थ. सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि यस कार्यालयमा सेवा प्राप्त गर्न आउने सेवाग्राहीहरुको लागि नि:शुल्क निवेदन लेखिदिने, अंकित मूल्यमै हुलाक टिकट वितरण गर्ने, राष्ट्रिय परिचयपत्रको लागि भर्नुपर्ने आवेदन फाराम र राहदानीको लागि भर्नुपर्ने pre-enrollment फाराम राहदानी शाखाबाट नि:शुल्क रुपमा भरिदिने व्यवस्था मिलाइएको, विभागबाट प्रिन्ट भई आएको राष्ट्रिय परिचयपत्र सबै स्थानीय तहबाट वितरण गर्ने गरिएको साथै शनिवारको दिनमा समेत तयार भै आएका राहदानीहरु वितरण गरिने व्यवस्था मिलाईएको।

१०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद:-

कार्यालय प्रमुख:- श्री बासुदेव दाहाल — प्रमुख जिल्ला अधिकारी

सूचना अधिकारी:- श्री डिल्लीराज श्रेष्ठ — सहायक प्रमुख जिल्ला अधिकारी

११. ऐन, नियम, विनियम तथा निर्देशिकाको सूची:-

यस कार्यालयमा प्रयोग हुने ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:-

जिल्लामा शान्ति सुव्यवस्था एवं अमनचयन कायम गरी जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्नका लागि स्थानीय प्रशासन ऐन,२०२८ लगायत देहायका ऐन, नियम, निर्देशिकाहरु कार्यान्वयनमा रहेका छन्।

- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी देवानी संहिता, २०७४
- मुलुकी देवानी कार्यविधि संहिता, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९
- उमेर नाम र जात सच्याउने नियमहरु, २०१७
- उपभोक्ता संरक्षण ऐन, २०७५
- कारागार ऐन, २०७९
- कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२
- खाद्य ऐन, २०२३
- खाद्य नियमावली, २०२७
- छापाखाना तथा प्रकाशन ऐन, २०४८

निमित्त प्र.जि.अ

- छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९
- जलश्रोत ऐन, २०४९
- जलश्रोत नियमावली, २०५०
- जग्गा प्राप्ती ऐन, २०३४
- राष्ट्रिय परिचयपत्र तथा पंजीकरण ऐन, २०७६
- विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन नियमावली, २०७७
- नेपाल नागरिकता ऐन, २०६३
- नेपाल नागरिकता नियमावली, २०६३
- नागरिकता प्रमाण पत्र वितरण कार्यविधि निर्देशिका, २०६३
- प्रहरी ऐन, २०१२
- प्रहरी नियमावली, २०७१
- सशस्त्र प्रहरी बल ऐन, २०५८
- विष्फोटक पदार्थ ऐन, २०१८
- बालबालिका सम्बन्धी ऐन, २०७५
- बालबालिका सम्बन्धी नियमावली, २०५१
- भ्रष्टाचार निवारण ऐन, २०५९
- राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८
- यातना सम्बन्धी क्षतिपुर्ति ऐन, २०५३
- राहदानी ऐन, २०७६
- राहदानी नियमावली, २०७६
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- स्थानीय प्रशासन ऐन, २०२८
- सशस्त्र प्रहरी ऐन, २०७२
- सशस्त्र प्रहरी नियमावली, २०६०
- सार्वजनिक सुरक्षा ऐन, २०४६
- संस्था दर्ता ऐन, २०३४
- संस्था दर्ता नियमावली, २०३४
- सरकारी जग्गाको भोगाधिकार गराउने सम्बन्धी कार्यनीति, २०६२
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- संक्षिप्त कार्यविधि ऐन, २०२८
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९

निमित्त प्र.जि.अ.

- सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४
- हातहतियार खरखजाना ऐन, २०१९
- हातहतियार खरखजाना नियमावली, २०२८
- होटेल व्यवस्था तथा मदिराको विक्री वितरण (नियन्त्रण) ऐन, २०२३
- मानव अधिकारसंग सम्बन्धित ऐन तथा नियमावलीहरु
- उल्लेखित ऐन नियमावली बाहेक जिल्ला प्रशासन कार्यालय तथा प्रमुख जिल्ला अधिकारीले प्रयोग गर्ने अन्य ऐन तथा नियमावलीहरु

१२. अघिल्लो आ.व. का कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण:-

नियमित कार्यक्रम मात्र गरेको कुनै आयोजना नभएको।

१३. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र प्रगति प्रतिवेदन

छुट्टै कार्यक्रम नभएको अन्य प्रगति बुँदा नं.९ मा उल्लेख भएको।

१४. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण

नभएको।

१५. तोकिए बमोजिम अन्य विवरण

नभएको।

१६. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरण

सूचना माग भएका निवेदन संख्या- नभएको।

१७. सार्वजनिक निकायको वेभसाईट भए सो को विवरण

daopanchthar.moha.gov.np र Facebook page को लागि जिल्ला प्रशासन कार्यालय, पाँचथर

१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समायावधी:-

त्यस्तो सूचना नभएको।

१९. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:-

त्यस्तो सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता नभएको।

गुनासो सुन्ने अधिकारी	बासुदेव दाहाल प्रमुख जिल्ला अधिकारी	
सूचना अधिकारी	डिल्लीराज श्रेष्ठ सहायक प्रमुख जिल्ला अधिकारी	

निमित्त प्र.जि.अ.

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
नापी विभाग

नापी कार्यालय पाँचथर

च.नं. ९०
प.सं. ०८३/०८४

मितिः २०८३/०४/१२
ने.सं. ११४६ दिल्लाथ्व मङ्गलवार

श्री कार्यालय प्रमुख ज्यू ,
जिल्ला हुलाक कार्यालय, पाँचथर।

विषयः नापी कार्यालय पाँचथरले सार्वजनिक गरेको विवरण पठाईएको सम्बन्धमा।

उपरोक्त सम्बन्धमा सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धि नियमावली २०६५ को नियम ३ बमोजिम नापी कार्यालय पाँचथरले सार्वजनिक गरेको चौथो त्रैमासिक विवरणको (२०८२ साउन १ देखि २०८३ असार मसान्त सम्म) स्कयान कपी पठाईएको व्यहोरा सादर अनुरोध छ।

२०८३।४।१२
कार्यालय प्रमुख

कार्यालय प्रमुख

फोन नं. ०२४ ५२२११९
Email Address: panchthar@dos.gov.np

सूचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ५ (३) र सूचनाको हक सम्वन्धी नियमावली २०६५ को नियम ३ बमोजिम नापी कार्यालय पाँचथरले सार्वजनिक गरेको विवरण

कार्यालय प्रमुख

"२०८२ साल साउन १ गते देखि २०८३ साल असार मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण "

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

नापी विभाग

नापी कार्यालय पाँचथर

फोन नं ०२४-५२२११९, इमेलः panchthar@dos.gov.np

२०८३ साल साउन १२ गते

२०८२ साल साउन १ गते देखि २०८३ साल असार मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरु (स्वतः प्रकाशन)

प्रकाशकः नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
नापी विभाग
नापी कार्यालय पाँचथर

फोन नं.: ०२४-५२२११९, ९८५२६२०११९, ९८५२६२०२१८

वेबसाईटः https://panchthar.dos.gov.np/

इमेलः panchthar@dos.gov.np, naapi.panchthar@gmail.com

प्रकाशनः २०८३ साल साउन १२ गते

१. कार्यालयको संक्षिप्त परिचय

नेपालमा विभिन्न समयमा विविध प्रविधिको प्रयोग गरी नापजाँच भए पनि औपचारीक रुपमा नापजाँचको सुरुवात वि.सं. १९८० मा भक्तपुरबाट कित्ता नापीको शुरुवातसँगै नक्साको आधारमा भूमिको लगत राख्ने कार्यको थालनी भयो । वि.सं. १९९६ मा काठमाण्डौं नापी गोश्वारा स्थापना भयो । वि.सं. २०१४ सालमा नापी विभागको स्थापना भएसंगै वि.सं. २०१६ सालमा विर्ता उन्मुलन ऐन र वि.सं. २०१७ सालमा राज्य रजौटा उन्मुलन ऐन ल्याईयो । यसै गरी वि.सं. २०१९ सालामा जग्गा (नापजांच) ऐन र वि.सं. २०२१ सालमा भूमि सम्बन्धी ऐनको व्यवस्था गरियो । वि.सं. २०२४ सालमा भूमि प्रशासन ऐन लागू भई भूमि प्रशासन कार्यालयहरु खोलिए । जग्गा नापजाँच तथा भूमि सम्बन्धी ऐन आए पछाडी नेपाल भरी नै नाप जाँच गरी नक्सा तथा पूर्जा बनाई जग्गा धनिलाई प्रमाण पुर्जा दिने कार्य भयो । यसै सिलसिलामा पाँचथर जिल्लामा पनि वि.सं. २०३२ सालमा नापी नक्सा तथा जग्गा प्रशासन सम्बन्धी कार्य गर्न नापी शाखाको स्थापना भयो । वि.सं. २०६४ सालमा आएर नापी शाख नापी कार्यालयमा परिणत भइ हाल देशै भरी १३१ वटा नापी कार्यालयहरु स्थापना भएका छन् ।यस कार्यालयलले एकोहोरो नापी हुँदाका बखत रहेको तत्कालिन प्रशानिक संरचना अनुसार साविकको पाँचथर जिल्लाको ५१ ओटा गा.वि.स. का जनताको प्रत्यक्ष हकभोग सँग सम्बन्धित कित्ता नापी सम्बन्धि सेवा हालसम्म पनि पुर्याउँदै आइरहेको छ। बढ्दो जनसंख्या र निरन्तर जमिनमा भइरहेको खण्डिकरण, विकास निर्माणसँग सम्बन्धित हाईड्रोपावर, सडक लगतकट्टा लगायतका थप कार्य प्रक्रियाले यस कार्यालयको कार्यबोझलाई दिनानुदिन थपिरहेको छ ।

२. कार्यालयको संगठन स्वरुप, प्रकृति र उद्देश्य:

नापी कार्यालय पाँचथर जग्गा प्रशासन संग सम्वद्ध सेवाप्रदायक निकाय हो । यस कार्यालयको संगठनात्मक स्वरुप निम्नानुसार रहेको छ ।



३. कार्यालयको उद्देश्य

भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय अन्तर्गत नापी विभागको बिषयगत कार्यालयका रुपमा रही भूमी सम्वन्धी नेपाल सरकारको प्रचलित नीति,ऐन नियम परिपत्र र निर्देशनहरुलाइ पूर्ण रुपमा कार्यान्वयन गर्नु यस कार्यालयको प्रमुख उदेश्य हो । कार्यालयका अन्य उद्देश्यहरु निम्न रहेका छन् ।

- जनताकोसेवा, सुविधा र आर्थिक हित कायम राख्न नक्सा, फिल्डबुक प्लट रजिष्टर आदिको संरक्षण गर्ने ।
- हक हस्तान्तरण हुदा नक्सालाई अध्यावधिक गरी राख्ने ।
- सरकारी एवं सार्वजनिक जग्गाहरूको अभिलेखिकरण गरि संरक्षण गर्ने ।
- भूमि सम्वन्धि प्रचलित नीति, ऐन, नियम, निर्देशिका, कार्यविधिहरू र विभागिय निर्देशनहरूलाइ कार्यान्वयन गर्ने ।

३. कर्मचारी दरबन्दी रिक्त र पदपूर्तिको अवस्था

क्र.सं.	पद	श्रेणी	स्वीकृत दरबन्दी संख्या	पदपूर्ति संख्या	रिक्त संख्या	लोकसेवा माग गरेको संख्या	सरुवा भै रमना हुन बाँकी	कैफियत
१	नापी अधिकृत	रा.प.तृ. (प्रा.)	१	१	-	-	-	
२	सर्भेक्षक	रा.प.अन. प्रथम	५	५	-	-	-	
३	अमिन	रा.प.अन. द्वि.	२	२	-	-	-	
४	सह लेखापाल	रा.प.अन. द्वि.	१	१	-	-	-	
५	का.स.	पाँचौश्रेणी/श्रेणी विहिन	३	३	-	-	-	

४. कार्यालयको शाखा र जिम्मेवार अधिकारी

सि.नं.	शाखा	जिम्मेवार कर्मचारी र पद	मुख्य कार्यहरु	गुनासो सुन्ने अधिकारी	कैफियत
१	कार्यालय प्रमुख	नापी अधिकृत उमेश नेम्बाङ	कार्यालयको सम्पूर्ण प्रशासनिक, आर्थिक र प्राविधिक जिम्मेवारी	उमेश नेम्बाङ ९८५२६२०११९	
२	प्राविधिक तथा प्रशासन शाखा	स. श्री सुकदेव विराजी यादव	सूचना अधिकारी, स्टोर, कि.का., नक्सा ट्रेस, फिल्ड रेखांकन	सुकदेव विराजी यादव ९८४७८७३४२१	

३		स. श्री कुशेश्वर चौधरी	कि.का., नक्सा ट्रेस, फिल्ड रेखांकन	कुशेश्वर चौधरी ९८४२८७६६०५	
४		स. श्री सुकदेव विराजी यादव	कि.का., नक्सा ट्रेस, फिल्ड रेखांकन	लाल कुमार साह ९८४७८७३४२१	
५		स. श्री सुरेश मेहता	कि.का., नक्सा ट्रेस, फिल्ड रेखांकन	सुरेश मेहता ९८४५०४०९१०	
६		स.श्री अंशु यादव	कि.का., नक्सा ट्रेस, फिल्ड रेखांकन	अंशु यादव ९८४३६४८१८३	काजमा रहेको
७		अ. श्री खडक बहादुर धामी	कि.का., नक्सा ट्रेस, फिल्ड रेखांकन	खडक बहादुर धामी ९८६५६६४०६८	
८		अ. श्री सुदिष्ट ठाकुर	कि.का., नक्सा ट्रेस, फिल्ड रेखांकन	सुदिष्ट ठाकुर ९७४६८०१९३२	काजमा रहेको
९	आर्थिक प्रशासन शाखा	ले.पा. श्री रोशन घिमिरे	लेखा सम्बन्धी	रोशन घिमिरे ९८५२६५५२२६	
१०	दर्ता चलानी फाँट	का.स. सुन्दर सुनुवार	दर्ता चलानी, राजश्व जम्मा	सुन्दर सुनुवार ९८४५१४४२०२	
११		का.स. याम कुमार सम्बाहाम्फे			
१२		का.स. संगिता खजुम शेर्मा			

५. कार्यालयका प्रमुख कार्यहरु:

कार्यालयले हाल सम्पादन गरि आएका मुख्य कार्यहरु निम्न बमोजिम रहेका छन ।

१. कित्ता काट गर्ने

२. प्लट रजिष्टर कायम गर्ने

३. नक्सा अध्यवधिक गर्ने

४. डाटाबेस बनाउने

५. डाटा सुरक्षाको लागि ब्यकप राख्ने

६. फिल्ड बुक उतार दिने

७. प्लटबुक उतार दिने

८. बैंकिङ प्रयोजनको लागि नक्सा ट्रेस उपलब्ध गराउने

९. लगत कट्टा गर्ने

१०. फिल्ड रेखाङ्कनको लागि प्राविधिक खटाउने

११. कित्ता एकिकरण गर्ने

१२. नक्सा सुधार गर्ने

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर, अवधी र जिम्मेवार व्यक्ति

क्र.सं.	सेवा सुविधाहरुको विवरण	आवश्यक पर्ने कागजात प्रमाणहरु	लाग्ने समय	लाग्ने शुल्क	जिम्मेवार कर्मचारी	जिम्मेवार कर्मचारीबाट कार्य सम्पन्नहुननसकेको उजुरी सिकायतगर्ने ठाउँ	कैफियत
१.	जग्गाखरिद बिक्रि, बकस पत्र, अंशबन्डा, अदालतको फैसला, अधिग्रहण लगत कट्टाआदीकारणले गर्दा जग्गाको स्वामित्व परिवर्तन हुने गरी कित्ताकाटगर्ने ।	मालपोत कार्यालयको पत्रतथाकारोबारको स्पष्टविवरणहरु उल्लेखभएको लिखत र स्वामित्वखल्ने अन्यकागज प्रमाणहरु । (मालपोत कार्यालयले तोके बमोजिम)	(क) सामान्यलिखत -२ बजे भन्दापहिले कार्यलयमाप्राप्तभएको सोहीदिन । - २ बजे पछिप्राप्तभएमाअर्को दिन । (ख) अंशवण्डा वा धेरै कित्ताहरुबाटगर्नु पर्ने लिखत - कार्यालय प्रमुखले तोके बमोजिम (बढिमा एकहप्ताभित्र) (ग) कित्तानक्सातयार गर्नु परेमा । -कार्यालय प्रमुखले तोके बमोजिम (कित्तानक्सातयार गर्ने कार्यविधिअनुसार)	शुल्कनलाग्ने शुल्कनलाग्ने प्रतिकित्तानक्सा रु ५०।- र फिल्ड रेखाँकनवापतको दस्तुर	कार्यालय प्रमुखले तोकेको सम्बन्धित फाँटवाला अमिन /सर्भेक्षक कार्यालय प्रमुखले तोकेको वा सम्बन्धित फाँटवाला अमिन /सर्भेक्षक "	नापीनिरीक्षकसर्भेक्षक /नापीअधिकृत " "	
२.	नक्सा सुधार संशोधनगर्ने ।	मालपोतकार्यालयले पत्रमालपोत कार्यालयबाटनक्सा सुधार संशोधन सम्बन्धीगरिएको कारवाहीको सम्पूर्ण विवरणहरु भएको फायल र	(क) फिल्ड निरिक्षण गर्नु नपर्ने भएमा बढिमा २दिनभित्र । (ख) फिल्डनिरिक्षण गर्नु पर्ने भएमा फिल्डसिजनमा, कार्यालय प्रमुखले तोके बमोजिम (बढिमा	शुल्कनलाग्ने शुल्कनलाग्ने	कार्यालय प्रमुखले तोकेको वा सम्बन्धित फाँटवाला अमिन / सर्भेक्षक कार्यालय प्रमुखले तोकेको वा सम्बन्धित	नापीनिरीक्षकसर्भेक्षक /नापीअधिकृत नापीनिरीक्षकसर्भेक्षक /नापीअधिकृत	

		आवश्यककागजपत्रहरु (मालपोत कार्यालयमा पेश भएका र सो कार्यालयले तोके बमोजिम)	७दिनभित्र)		फाँटवाला अमिन/सर्भेक्षक		
३.	नापीगर्न छुटभएको जग्गानापनक्सागर्ने ।	मालपोत कार्यालयको पत्रतथानापजाँचगर्ने निर्णय भएको र यस सम्वन्धिकारवाहीभएको विवरणहरु	(क) निर्णय उल्लेख भएको भए सोहीबमोजिम (ख) निर्णय उल्लेख नभएको भएकार्यालय प्रमुखले तोकेको बमोजिम	जग्गानापजाँचनियमावलिको नियम घघ बमोजिम फिल्ड रेखांकन सरह	कार्यालय प्रमुखले तोकेको वा सम्बन्धित फाँटवाला अमिन/सर्भेक्षक	नापीनिरीक्षकसर्भेक्षक /नापीअधिकृत नापीनिरीक्षकसर्भेक्षक /नापीअधिकृत	
४.	हाल साविक भिडाउने ।	मालपोत कार्यालयको वाहाल साविक भिडाउने मागगर्ने अन्यआधिकारिक निकायको पत्र	कामको चाप र अवस्था हेरी कार्यालय प्रमुखले तोकेको बमोजिम बढिमा ७दिनभित्र ।	शुल्कनलाग्ने	कार्यालय प्रमुखले तोकेको वा सम्बन्धित फाँटवाला अमिन/सर्भेक्षक	नापीनिरीक्षकसर्भेक्षक /नापीअधिकृत	
नापीकार्यालयमा सोझै सम्पर्क राखिगर्न सकिने कार्यहरु							
५.	फिल्डबुक उतार प्लट रजिष्टर उतार	- रु १०।- को टिकट टाँसेको निवेदन - सम्बन्धितकित्ताको जग्गाधनीदर्ता प्रमाणपूर्जाको प्रतिलिपि - सरकोकारवालाको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि - चालु आ.व. को मालपोत तिरेको रसिद	सोहीदिन	मुलुकी ऐन कागजजाँचको १७ नं. महलबमोजिम	कार्यालय प्रमुखले तोकेको वा सम्बन्धित फाँटवाला अमिन /सर्भेक्षक	नापीनिरीक्षकसर्भेक्षक /नापीअधिकृत	
६.	नक्सा प्रिन्ट	- सम्वन्धितकित्ताको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि -सरोकारवालको	तराईतथाबढिकारोबार हुने कार्यालयहरुमामौसम अनुकुलभएमा र १बजे भन्दापहिले	पुरा नक्सा रु. ११०।-	कार्यालय प्रमुखले तोकको कर्मचारी वा सम्बन्धित फाँटवाला अमिन	नापीनिरीक्षकसर्भेक्षक /नापीअधिकृत	

		नागरिकताको प्रमाणपत्रको प्रतिलिपि - चालु आ.व.को मालपोत तिरेको रसिद	निवेदनप्राप्तभएमा सोहीदिन १ बजेपछिप्राप्तनिवेदनको अर्को दिन र पहाडितथाहिमालीजिल्लाका कार्यालयहरुमानापीकार्यालयहरुले तोके बमोजिमकम्तीमाहप्ताको २ पल्ट		/सर्भेक्षक		
७.	नक्सा ट्रेस	- सम्बन्धितकार्यालयको आधिकारीकपत्र - जग्गाधनिदर्ता प्रमाणपुर्जाको प्रतिलिपि र गा.वि.स./ न.पा.वडा नं. सिट नं. कि.नं. खुलेको रु. १०।- को टिकट टाँसेको निवेदन -सरोकारवालाको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि - चालु आ.व. को मालपोत तिरेको रसिद	१ बजे भन्दापहिले प्राप्तपत्रनिवेदनको हकमा सोहीदिन १ बजे पछिप्राप्तनिवेदनपत्रको हकमा दोस्रो दिन	प्रतिकित्ता रु. १००।-	कार्यालय प्रमुखले तोकको कर्मचारी वा सम्बन्धित फाँटवाला अमिन /सर्भेक्षक	नापीनिरीक्षकसर्भेक्षक /नापीअधिकृत	
८.	फिल्ड रेखाकंन	-रु.१०।- को टिकट टाँसेको निवेदन - जग्गाधनि प्रमाणपुर्जाको प्रतिलिपि - चालु आ.व.को मालपोत तिरेको रसिद - रेखाकंन दस्तुर वापतको राजश्वबुझाएको रसिद	फिल्ड सिजन (कार्तिक-जेष्ठ) मा सामान्यतया १५दिनभित्रकामको अत्याधिकचापभएमाकार्यालय प्रमुखले तोके अनुसार	जग्गानापजाँचनियमको ३३बमोजिम(सदर मुकामबाट सम्बन्धित स्थान सम्मको दुरीको आधारमातोकिने ५) यस सम्बन्धि सूचनाप्रत्येक नापीकार्यलयले छुट्टै तयार गरी टाँस गर्नुपर्नेछ ।	कार्यालय प्रमुखले तोकको कर्मचारी वा सम्बन्धित फाँटवाला अमिन /सर्भेक्षक	नापीनिरीक्षकसर्भेक्षक /नापीअधिकृत	

९.	कित्ताएकीकरण गर्ने	-रु१०।- को टिकटटाँसेको निवेदन - सम्बन्धितकित्ताको ज.ध.द. प्रमाणपुर्जाको प्रतिलिपि - सरोकारवालाको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि - चालु आ.व.को मालपोत तिरेको रसिद	कित्ताहरुको संख्या हेरी कार्यालय प्रमुखले तोकको वाबमोजिम (बढिमा ७दिन)	प्रतिकित्ता रु.५०।- र फिल्ड रेखाकंनबापतको राजश्व	कार्यालय प्रमुखले तोकको कर्मचारी वा सम्बन्धित फाँटवाला अमिन /सर्भेक्षक	नापीनिरीक्षकसर्भेक्षक /नापीअधिकृत	
१०	कित्तानक्सा (Parcel Plan) तयार गर्ने (नापीविभागले तोकको क्षेत्रमामात्र)	- रु १०।- को टिकट टाँसेको निवेदन -सम्बन्धितकित्ताको ज.ध.द. प्रमाणपुर्जाको प्रतिलिपि -सरोकारवालाको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि	कार्यालय प्रमुखले तोके अनुसार (कित्तानक्सातयार गर्ने कार्यविधिबमोजिम	प्रतिकित्ता रु.१०।- र फिल्ड रेखाकंनबापतको राजश्व	कार्यालय प्रमुखले तोकको कर्मचारी वा सम्बन्धित फाँटवाला अमिन/सर्भेक्षक	नापीनिरीक्षकसर्भेक्षक /नापीअधिकृत	
११.	क्षेत्रफल टायल चेक गर्ने	-रु.१०।- को टिकट टाँसेको निवेदन - सम्बन्धितकित्ताको ज.ध.द. प्रमाणपुर्जाको प्रतिलिपि - नागरिकताको प्रमाणपुर्जाको प्रतिलिपि - चालु आ.व.को मालपोत तिरेको रसिद	कार्यालय प्रमुखले तोके बमोजिम	शुल्कनलाग्ने	कार्यालय प्रमुखले तोकको कर्मचारी वा सम्बन्धित फाँटवाला अमिन/सर्भेक्षक	नापीनिरीक्षकसर्भेक्षक /नापीअधिकृत	

नापी कार्यालय पाँचथर

फिल्ड रेखांकनको लागि आ.व. २०७६ साल साउन १ गतेबाट हालसम्म लागू भएको साविक गा.वि.स. अनुसारको राजश्व विवरण :

सि.नं.	गा.वि.स.	कोष	रकम रु.	सि.नं.	गा.वि.स.	कोष	रकम रु.
१	अमरपुर	५	३७५५/-	२२	फाक्तेप	८	४५०५/-
२	आङना	१२	७५५५/-	२३	भारपा	४	३१५५/-
३	आङसाराङ	८	५८०५/-	२४	मौवा	१४	८१८५/-
४	आरुबोटे	१५	८६५५/-	२५	माङजाबुङ	१०	५६५५/-
५	इम्बुङ	६	३७५५/-	२६	मेमेङ	११	६२०५/-
६	एकतिन	९	५०५५/-	२७	याङनाम	४	४१५५/-
७	ओयाम	११	५६०५/-	२८	यासोक	८	४१०५/-
८	कुरुम्बा	१७	८८०५/-	२९	रानीटार	४	३५५५/-
९	चिलीङदिन	८	४५०५/-	३०	रानीगाउँ	७	४१०५/-
१०	चोकमागु	२	३१५५/-	३१	रवी	१५	८२५५/-
११	च्याङथापु	१६	८२५५/-	३२	लुङरुपा	७	३७५५/-
१२	थर्पु	९	५२५५/-	३३	लुम्फाबुङ	४	३५५५/-
१३	दुर्दिम्बा	२०	१११०५/-	३४	लिम्बा	१८	९६०५/-
१४	नवमीडाँडा	५	३९५५/-	३५	वलने	१२	३७५५/-
१५	नागी	८	४१०५/-	३६	सिदिन	७	४१५५/-
१६	नांगिन	३	३५५५/-	३७	सिवा	३	३५५५/-
१७	प्राङ्बुङ	९	५४५५/-	३८	सुभाङ	४	३३५५/-
१८	पौवा सारताप	६	३७५५/-	३९	स्याबरुम्बा	१०	५०५५/-
१९	फिदिम	०	२५५५/-	४०	सराङडाँडा	१२	६९५५/-
२०	फलैंचा	१५	८०५५/-	४१	हाङगुम	१४	८१०५/-
२१	पञ्चमी	७	३९५५/-				

७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्राप्त उजुरीहरु सम्बन्धित फाँट र शाखाका अधिकारीले हेरी कार्यालय प्रमुखलाई आवश्यक कारवाहिको पठाईने र कार्यालय प्रमुखबाट कारवाही प्रक्रिया अगाडी बढाइने ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

कार्यालय प्रमुख : नापी अधिकृत श्री ई. उमेश नेम्बाङ

९. सम्पादन गरेको कामको विवरण

नापी कार्यालय पाँचथरबाट आ.व. २०८२/८३ असार मसान्त सम्म सम्पादित प्रगति विवरण निम्न अनुसार रहेको छ ।

कित्ता एकीकरण		नक्सा		रेखाङ्कन		टायल चेक		कित्ताकाट		फिल्डबुक उतार	
निवेदन संख्या	तामेली संख्या	निवेदन संख्या	तामेली संख्या	निवेदन संख्या	तामेली संख्या	निवेदन संख्या	तामेली संख्या	निवेदन संख्या	तामेली संख्या	निवेदन संख्या	तामेली संख्या
२४	२४	२८३४	२८३४	९	९	१७	१७	४७८	४७८	६४	६४

आ.व. २०८२/८३ मा असार मसान्त सम्म कार्यालयबाट सम्पादित भएका लिखतका विवरण								
अंशवण्डा	अंश बुझेको भरपाई	हालैदेखिको वकसपत्र	राजिनामा	दर्ताफारी	दानपत्र	वकसपत्र	लगत कट्टा	अदालतको फैसला
५०	१२	५५	३०९	२६	९	०	३४	१७

१०. सुचना अधिकारी र प्रमुखको नाम र पद

नापी कार्यालय पाँचथरबाट प्रवाह हुने सेवाहरु सम्बन्धि तथा अन्य कुनै गुनासो र उजुरी गर्नु परेमा तथा सुझावहरु भएमा तपशिल अनुसार सम्पर्क गर्न सकिने छ।

कार्यालय प्रमुखः नापी अधिकृत श्री ई. उमेश नेम्बाङ
फोन नं. ०२४-५२२११९
मोबाइल नं. ९८५२६२०११९
ईमेलः panchthar@dos.gov.np

सूचना अधिकारीः सर्भेक्षक श्री सुकदेव विरीजि यादव
सम्पर्क :- ९८५२६२०२१८
इमेल :naapi.panchthar@gmail.com

११. सेवाप्रवाह सँग सम्वद्ध मुख्य ऐन नियम निर्देशिका र कार्यविधीहरु

क) ऐनहरु

- भूमि सम्बन्धी ऐन, २०२१
- मालपोत ऐन, २०३४
- जग्गा नापजाँच ऐन, २०१९
- जग्गा नापजाँच ऐन २०७६
- मुलुकी ऐन २०२०
- चालु आर्थिक बर्षको आर्थिक ऐन
- भूउपयोग ऐन २०७६

ख) नियमावलीहरु

- जग्गा नापजाच नियमावली, २०५८
- मालपोत नियमावली, २०३४
- भूमी सम्बन्धी नियमहरु, २०२१
- गुठी संस्थान नियमावली, २०४९
- भूउपयोग नियमावली २०७९

ग) निर्देशिका

- जग्गा नापजाँच तथा श्रेष्ता अध्यावधिक सम्वन्धी निर्देशिका २०८१
- जग्गा प्रशासन निर्देशिका, २०८१
- भूमी सुधार कार्य निर्देशिका, २०६०
- सरकारी, सारर्बजनिक जग्गा संरचना कार्य निर्देशिका, २०६२ तथा जग्गा धनि संकेत नंम्वर निर्धारण निर्देशिका

घ) कार्यविधि

- जग्गा प्रशासन कार्यविधी, २०६० भाग १
- जग्गा प्रशासन कार्यविधी २०६१ भाग २
- जग्गा प्रशासन कार्यविधी २०६२ भाग ३

१२.आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि अध्यावधिक विवरण

आ.व.२०८२/८३ असार मसान्तसम्मको राजस्व आम्दानी विवरण

सि.नं.	राजस्व संकेत नं.	राजस्व शिर्षक	राजस्व आम्दानी	कैफियत
१	१४२१३	नक्सा विक्रि	७७६,८७५ । -	
२	१४५२९	फिल्ड रेखाङ्कन	१११,०२५ ।-	
३	कूल जम्मा		८८७,९००।-	

आ.व.२०८२/८३ असार मसान्तसम्मको विनियोजन र खर्चको विवरण र प्रगति

सि.नं	बजेट उप शिर्षक नं	बिनियोजित बजेट (पुंजीगत)	खर्च (पुंजीगत)	बिनियोजित बजेट (चालु)	खर्च (चालु)	प्रगति प्रतिशत (%)
१	३३६०२०१२३			९,१४५,०००।-	९,०४८,१३३.८०।-	९८.९४
२	३६०२०१२४	५,९७,०००।-	५९५,५६९.००।-			९९.७६
३	३३६०२१०१३	२५७०००।-	२५०,१८२.००।-			९७.३५

आ.व. २०८२/८३ भूमि समस्या समाधान आयोग जिल्ला समिति पाँचथर तर्फ असार मसान्तसम्मको बिनियोजन र खर्चको विवरण र प्रगति

सि. नं	बजेट उप शिर्षक नं	बिनियोजित बजेट (पुंजीगत)	खर्च (पुंजीगत)	बिनियोजित बजेट (चालु)	खर्च (चालु)	प्रगति प्रतिशत (%)
१	जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भूसम्बन्ध व्यवस्थापन कार्यक्रम (३३६००१०३३)			३,४३८,०००.००।-	२,३०१,८४०.१६।-	६६.९५
२	जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भूसम्बन्ध व्यवस्थापन कार्यक्रम (३३६००१०३४)	१०२०००।-	१०२०००।-			१००

१३.तोकिए बमोजिमका अन्य विवरण

- अघिल्लो आर्थिक वर्षमा कार्यालयले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण : नभएको
- कार्यालयको वेबसाईट, ईमेलः https://panchthar.dos.gov.np/ , panchthar@dos.gov.np
- कार्यालयले प्राप्त गरेको प्रदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण : छैन
- कार्यालयले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन : छैन
- कार्यालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः छैन
- कार्यालयको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण : नागरिक वडापत्र, नापी विभागको वेभसाईट र कार्यालयको सूचना पाटी ।

(सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली (२०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएका)

२०८३ साल बैशाख १ गते देखी २०८३ साल असार मसान्त सम्म सम्पादित प्रमुख क्रियाकपलापहरु

स्वत:प्रकाशन

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

हुलाक सेवा विभाग

जिल्ला हुलाक कार्यालय

पाँचथर

०२४५२२१०४, ५२२५०४

Gmail - panchthardpo@gmail.com

Email: panchthar@nepalpost.gov.np

जिल्ला हुलाक कार्यालय, पाँचथरको सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) ले व्यवस्था गरेको निर्धारित विषयमा यस कार्यालयको आ. व. २०८२।०८३ को चौथो त्रैमासिकको सूचनाको अद्यावधिक विवरण देहाय अनुसार सार्वजनिक गरिएको छ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय, पाँचथर
फिदिम

अध्यावधिक विवरण

शीर्षक	संक्षिप्त विवरण
निकायको स्वरुप र प्रकृति	पाँचथर जिल्ला भित्र कार्य क्षेत्र रहने अप्राविधिक प्रकृतिका हुलाकीय गतिविधसंग सम्बन्धित सेवामूलक कार्यालय सञ्चालन स्तरको काम गर्ने अप्राविधिक स्वरुपको जिल्ला स्तरको सरकारी निकाय।
निकायको काम, कर्तव्य र अधिकार	पाँचथर जिल्ला भित्र हुलाकसंग सम्बन्धित सेवाको सञ्चालन, व्यवस्थापन,समन्वय, अनुगमन, हुलाक सेवा विभागको स्वीकृति लिई कर्मचारी व्यवस्थापन र तोकिए बमोजिमका अन्य कामहरु।
निकायमा रहने कर्मचारीको संख्या र कार्य विवरण	जिल्ला हुलाक कार्यालयको दरबन्दी संख्या ५० रहेको छ।
	कार्य विवरण अन्तर्गत तोकिए बमोजिमको कार्य गर्ने गरिएको छ।
निकायवाट प्रदान गरिने सेवा	• हुलाक टिकट विक्री, हुलाक बस्तुको आदान प्रदान,
	• पत्र पत्रिका हुलाक दर्ता, नवीकरण
	• डाँक व्यवस्थापन तथा अनुगमन,
	• हुलाक अपराध छानविन तथा अनुसन्धान,
	• केवल प्रसारण संस्थाको अनुगमन र नवीकरण,
	• एफ.एम.हरुको अनुगमन र नविकरण,
	• सूचनाको हक सम्बन्धी ऐन नियम, निर्देशिकाले निर्देश गरेका व्यहोराको कार्यान्वयनको अनुगमन लगायत नागरिक वडापत्रमा उल्लेख भएका कामहरु।

सेवा प्रदान गर्ने निकायको शाखा/फाँट जिम्मेवार अधिकारी

प्रशासन/स्टोर शाखा	नायब सुब्बा श्री दुर्ग सम्बाहाम्फे
लेखा शाखा	सह-लेखापाल श्री संजय पंडित
टिकट तथा राजस्व शाखा	खरिदार श्री दामोदर तिम्सीना
डाँक शाखा	खरिदार श्री संगिता पौडेल खरिदार श्री गौरव भट्टराई
